# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल




यो चित्र अबिन श्रेष्ठले तयार गर्नुभएको हो ।

## वार्षिक प्रगति प्रतिवेदन २०८०/०८१

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
## कार्यसमिति (२०७९-०८१)



पद्मिनी प्रधानाङ्ग (अध्यक्ष)



शरच्चन्द्र वस्ती (उपाध्यक्ष)



मदन कृष्ण शर्मा (महासचिव)



सुनिता गुरुङ (कोषाध्यक्ष)



सबिता भण्डारी बराल (सदस्य)



महेन्द्र नारायण श्रेष्ठ (सदस्य)



हरिबहादुर थापा (सदस्य)



राष्ट्रिय व्यावसायिक पहल (सदस्य)
सरोज प्रसाद पाण्डे, प्रतिनिधि)



रोजी अधिकारी पनेरु (सदस्य)

xxxxxx



आशिष थापा (कार्यकारी निर्देशक)

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
# मानार्थ र साधारण सदस्य (कार्यसमिति बाहेक)

## मानार्थ सदस्य

१. डा. देवेन्द्र राज पाण्डे
२. श्री दामोदर प्रसाद गौतम
३, प्रा. केदार भक्त माथेमा
४. श्री कृष्ण प्रसाद भण्डारी
५. प्रा.डा. भगवान कोइराला

## सदस्य

१. श्री बिष्णु बहादुर के.सी., सदस्य
२. श्री भरत बहादुर थापा, सदस्य
३. श्री खेमराज रेग्मी, सदस्य
४. श्री आदित्य मान श्रेष्ठ, सदस्य
५. श्री रामकृष्ण मानन्धर, सदस्य
६. श्री महादेव प्रसाद यादव, सदस्य
७. डा. राम दयाल राकेश, सदस्य
८. श्री बुद्धिनारायाण श्रेष्ठ, सदस्य
९. श्री मुकुन्द बहादुर प्रधान, सदस्य
१०. श्री किरण थापा, सदस्य
११. डा. पोषराज पाण्डे, सदस्य
१२. डा. मीना आचार्य, सदस्य
१३. डा. विश्व केशर मास्के, सदस्य
१४. डा. सागर राज शर्मा, सदस्य
१५. श्री तोया गुरुङ, सदस्य
१६. डा. चिन्तामणि योगी, सदस्य
१७. श्री भीम बहादुर श्रेष्ठ, सदस्य
१८. श्री लीलाप्रसाद सापकोटा, सदस्य
१९. श्री सुरेन्द्र वीर मालाकार, सदस्य
२०. श्री कृष्ण ज्ञवाली, सदस्य
२१. श्री आर्या श्रेष्ठ, सदस्य
२२. श्री सीताराम अग्रहरी, सदस्य
२३. श्री दीपकुमार उपाध्याय, सदस्य
२४. डा. प्रेम राज पन्त, सदस्य
२५. डा. सुरेश राज चालिसे, सदस्य
२६. डा. विजय के.सी., सदस्य
२७. डा. अनुशुया जोशी, सदस्य
२८. डा. ईश्वर प्रसाद उपाध्याय, सदस्य
२९. श्री भोजराज पोखरेल, सदस्य
३०. श्री मुकुन्द शर्मा पौडेल, सदस्य
३१. डा. रेवत बहादुर कार्की, सदस्य
३२. डा. विमल प्रसाद कोइराला, सदस्य
३३. श्री पवन कुमार ओझा, सदस्य
३४. श्री केशव प्रसाद आचार्य, सदस्य
३५. श्री जयराम सिंह बोहरा, सदस्य
३६. श्री प्रकाश ए राज, सदस्य
३७. श्री दोलख बहादुर गुरुङ, सदस्य
३८. डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल, सदस्य
३९. श्री राजुमान सिंह मल्ल, सदस्य
४०. श्री राम प्रसाद श्रेष्ठ, सदस्य
४१. श्री गीता अर्याल, सदस्य
४२. श्री खेमराज पाण्डेय, सदस्य
४३. श्री सुरेन्द्र बहादुर भारीजु, सदस्य
४४. श्री चण्डेश्वर आचार्य, सदस्य
४५. श्री सगुना शाह, सदस्य
४६. श्री सरस्वती पोखरेल, सदस्य
४७. श्री सुष्मा कर्ण, सदस्य
४८. श्री राजेश जोशी, सदस्य
४९. श्री सीता भट्ट, सदस्य
५०. श्री सरोज प्रसाद पाण्डे, सदस्य
५१. श्री टंकमणि शर्मा दंगाल, सदस्य
५२. श्री चन्द्र किरण श्रेष्ठ जोशी, सदस्य
५३. श्री दीपकराज जोशी, सदस्य

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

## वार्षिक प्रगति प्रतिवेदन २०८०/८१*

### १. परिवेश

टीआई नेपाल भ्रष्टाचारविरुद्ध क्रियाशील नागरिक संस्था हो । पारदर्शिता, जवाफदेहिता, सदाचार, ऐक्यबद्धता, न्याय, प्रजातन्त्र यस संस्थाका आधारभूत मूल्य-मान्यता हुन् । भ्रष्टाचार विरुद्ध सहकार्य यसको कार्यशैली हो । यस संस्थाले विगत २९ वर्षदेखि सरकार, नागरिक समाज र आम-नागरिकलाई लक्षित गरी सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि विविध कार्य गर्दै आएको छ ।

लामो समयदेखि नेपालको राजनीतिक तथा सामाजिक परिवेश भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा सकारात्मक रहन सकेको छैन । दिगो विकास र सुशासनको लागि स्थिर सरकारको आवश्यकता हुने सन्दर्भविपरीत नेपालमा छोटो-छोटो अवधिमा बारम्बार सरकार परिवर्तन हुँदै आएको छ । यस अवस्थामा सरकारले ठूला विकास निर्माण कार्यमा गति लिन सकेको छैन, साथै अत्यधिक लागतको भार देश र जनताले व्यहोर्नु परेको छ । राजस्वले चालू खर्च धान्न नपुग्ने अवस्था हुन लागेको छ र विकासको लागि आवश्यक पुँजीगत खर्च चालू खर्चको तुलनामा धेरै कम हुने गरेको छ । राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माणको गति सुस्त रहेको छ । राजनीतिक अस्थिरताका कारण सरकार प्रभावकारी हुन नसक्दा राज्यका निकायहरूको प्रभावकारितामा पनि त्यसको नकारात्मक असर पर्दै आएको छ ।

राजनीतिक दलहरूले गठबन्धन निर्माण र सरकार परिवर्तनताका सुशासनको नारा अघि बढाए तापनि आम-नेपाली नागरिकले सुशासनको अनुभूति गर्न पाएको देखिएको छैन । खासगरी सरकारी निकायहरूले आफ्नो कार्यशैली र व्यवहारमा सुधार ल्याउन नसक्दा सेवाप्रवाहमा तात्विक फरक पर्न नसकेको देखिन्छ । भ्रष्टाचारमा संलग्न केही ठूला मुद्दाहरू कानूनी दायरामा ल्याउन सफल भए पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजनीतिज्ञहरू संलग्न ठूला भ्रष्टाचारका मुद्दाहरू दायर गर्न सकिरहेको देखिँदैन । संसद्मा छलफलको प्रक्रियामा रहेका भ्रष्टाचार निवारण र अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी संशोधन विधेयकहरूलगायत अन्य महत्वपूर्ण विधेयकहरू विवादित रहेका छन् । नीतिगत भ्रष्टाचारलाई नियन्त्रण गर्न मन्त्रिपरिषद्बाट हुने नीतिगत निर्णय तथा स्वार्थको द्वन्द्व रहने अवस्थासम्बन्धी स्पष्ट कानूनी परिभाषा संशोधन विधेयकहरूमा समावेश गरिएका छैनन् । भ्रष्टाचारमा कारवाही अघि बढाउन राजनीतिक इच्छाशक्तिको अभाव रहेको स्पष्ट अनुमान गर्न सकिन्छ । यसैले सुशासनका विभिन्न सूचकांकले देशमा भ्रष्टाचार न्यूनीकरणमा प्रगति भएको देखाएको छैन ।

यद्यपि, यस वर्ष केही उपलब्धिस्वरूप भ्रष्टाचारलगायतका प्रकरणमा पूर्वमन्त्री, मुख्यसचिव, पूर्वसचिव, सहसचिवहरू तथा नगरपालिका, गाउँपालिकाका प्रमुखलगायतका व्यक्तिहरू छानबिनको घेरामा आएका छन् । दूरसञ्चार प्राधिकरणमा भएको भ्रष्टाचार, सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमणसम्बन्धी मामिला, नेपाल वायुसेवा निगममा वाइडबडी खरिद प्रकरणमा भएको भ्रष्टाचारजस्ता केही प्रकरणहरू कारवाहीको दायरामा आई मुद्दा दायर भएका छन् । तर, ती मुद्दामा संलग्न राजनीतिज्ञलाई दायरामा ल्याउन सकेको छैन भन्ने ठम्याई आम-जनमानसमा रहको छ ।

सुशासनको अभाव र भ्रष्टाचारका विरुद्ध जनस्तरमा बढ्दो चासो र चिन्तालाई नजिकबाट नियालिरहेको यस संस्थाले बहस-पैरवी, ध्यानाकर्षण, सचेतना, अध्ययन, सहकार्य र विविध परियोजनामार्फत सशक्तरूपमा नागरिक खबरदारी जारी राखेको छ । सम्पूर्ण नागरिक सचेत भएर खबरदारी गर्न सकेमा समग्र राष्ट्रिय जीवनमा पारदर्शिता, जवाफदेहीता र सदाचारको अभिवृद्धि भई जनताले अनुभव गर्न सक्ने गरी सुशासन प्राप्त गर्न सकिन्छ भन्ने यस संस्थाको विश्वास रहेको छ ।

### २. संस्थाका गतिविधि

संस्थाले आर्थिक वर्ष २०८०/८१ को अवधिमा गरेका मुख्य-मुख्य कार्यहरू निम्नानुसार रहेका छन् :

#### २.१. वार्षिक साधारणसभा

संस्थाको २९ औं साधारणसभा आज वि.सं. २०८१ असोज ४ गते यस सभाकक्षमा सम्पन्न भइरहेको छ । २८ औं वार्षिक साधारणसभा २०८० असोज १९ गते बानेश्वर, काठमाडौंमा सम्पन्न भएको थियो । साधारणसभामा टीआई नेपालका ६४ मध्ये ३३ सदस्यको उपस्थिति रहेको थियो । संस्थाका अध्यक्ष श्री पद्मिनी प्रधानाङ्गको अध्यक्षतामा सम्पन्न सभाद्वारा निम्नानुसार निर्णय भएको थियो :

..........................

* *४ असोज २०८१ मा आयोजित २९ औं वार्षिक साधारणसभामा महासचिव श्री मदन कृष्ण शर्माद्वारा प्रस्तुत ।*

- ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० संस्थाका महासचिव मदन कृष्ण शर्माद्वारा प्रस्तुत भई छलफल भएपश्चात् सर्वसम्मतिले स्वीकृत गरिएको थियो । तत्पश्चात् संस्थाको आ.व. २०७९/८० को आर्थिक विवरणसहितको लेखापरीक्षण प्रतिवेदनका साथै २०८०/८१ को बजेट संस्थाका कोषाध्यक्ष सुनिता गुरुङद्वारा प्रस्तुत भई छलफल भएपश्चात् सर्वसम्मतिले स्वीकृत गरिएको थियो ।
- आर्थिक वर्ष २०८०/८१ का लागि लेखापरीक्षक पी.एम. एण्ड एसोसिएट्सलाई पुनः नियुक्ति गरी अघिल्लो आर्थिक वर्षको पारिश्रमिक रु. ५०,०००/- (करबाहेक) मा नबढ्ने गरी पारिश्रमिक स्वीकृत गरिएको थियो ।

## २.२ कार्यसमितिद्वारा प्रेस वक्तव्य/पत्रमार्फत वकालत

विगत वर्षहरूमा जस्तै भ्रष्टाचारको विरोध र सदाचारका पक्षमा संस्थाले निरन्तर बहस-पैरवी गरेको छ । विभिन्न सरोकारवाला निकायलाई पत्राचारका साथै प्रेस वक्तव्यमार्फत निम्न विषयहरूमा सुधारका लागि ध्यानाकर्षण गराइएको छ :

### क. संसद्मा विचाराधीन रहेका केही विधेयकमा संसद्को ध्यानाकर्षण

नेपाल सरकारद्वारा विभिन्न समयमा संसद्मा प्रस्तुत भई छलफललगायतको प्रक्रियामा रहेका सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार निवारण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी संशोधन विधेयकहरूबारे टीआई नेपालले तत् समयमा संसद्को ध्यानाकर्षण गरेको छ । उक्त विधेयकहरू यथावत् पारित हुन गएको खण्डमा भ्रष्टाचार, अवैध सम्पत्तिको उन्मुक्ति, दण्डहीनता र कुशासनले प्रोत्साहन पाई मुलुकलाई असफल राष्ट्र बनाउन सक्ने हुँदा टीआई नेपालद्वारा यी विषयहरूमा संसद्को ध्यानाकर्षण गराइएको हो ।

### ख. भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा भ्रष्टाचारको समग्र अवस्थाबारे ध्यानाकर्षण

अवैध तरीकाले आर्जित धनलाई स्वतः वैध तुल्याउने बाटो खोल्ने, व्यक्ति र समूह विशेषको निहित स्वार्थ-पोषणप्रति अभिलक्षित निर्णयलाई नीतिगत निर्णयको नाम दिएर छानबिनको दायराभन्दा बाहिर राख्ने, ठूला भ्रष्टाचारका मुद्दाहरूमा कारवाही नै नचल्ने र चले पनि तिनमा संलग्न उच्चपदस्थहरूले उन्मुक्ति पाउने, राष्ट्रिय ढुकुटीको रकम अनुत्पादक कार्यमा खर्च गर्ने असंख्य गल्छेडा खोल्दै जाने, पर्याप्त आम्दानीको कुनै दृश्य स्रोत नभएका सार्वजनिक व्यक्तिहरूको विलासितापूर्ण जीवन र अकूत सम्पत्तिको कहिल्यै छानबिन नहुने, अदालतले जघन्य फौजदारी अपराधमा दोषी ठहऱ्याएका व्यक्तिहरूको सजाय मिनाहा गर्नेजस्ता मुलुकको कानून, न्यायप्रणाली र लोकलाजसमेतलाई उपेक्षा गर्ने कृत्यहरूको अन्तहीन श्रृंखला तत्काल बन्द गर्न टीआई नेपालद्वारा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस (९ डिसेम्बर) का सन्दर्भमा संसद्, सरकार र सबै राजनीतिक दलहरूको ध्यानाकर्षण गराइएको छ ।

### ग. भ्रष्टाचार अवधारणा सूचकांक २०२३ जारी गरी सरकारलाई गम्भीर हुन आव्हान गरिएको

टीआई नेपालले भ्रष्टाचार अवधारणा सूचकांक (सीपीआई) २०२३ जारी गर्दै त्यसमा नेपालले १०० मा ३५ अंक प्राप्त गरी भ्रष्टाचारव्याप्त मुलुकको श्रेणीमा कायमै रहेको विषम स्थितिलाई ध्यान दिंदै भ्रष्टाचार विरुद्धको जनचाहना सम्बोधन गर्न सरकार अति गम्भीर हुन जरूरी रहेको र यसका लागि संसद्मा विचाराधीन रहेका भ्रष्टाचार विरोधी ऐन-कानूनलाई फितलो बनाउने प्रयास रोक्न, राजनीतिक व्यक्तिउपरका भ्रष्टाचार मुद्दामा निष्पक्ष अनुसन्धान तथा कारवाही गर्न, सार्वजनिक पदाधिकारीहरूको सम्पत्तिको जाँच गरिने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न र राजनीतिक उच्चपदस्थहरूले मन्त्रिपरिषद्को नीतिगत निर्णयका नाममा भ्रष्टाचारको अनुसन्धानबाट उन्मुक्ति पाउने व्यवस्थाको अन्त्य गर्न सरकारलाई आव्हान गरेको छ ।

### घ. उच्च पदमा नियुक्ति गरिँदा स्वार्थको द्वन्द्व हुन नहुने प्रति ध्यानाकर्षण गराइएको

संवैधानिक परिषद्द्वारा क्रमशः अर्थसचिव, उपराष्ट्रपतिको कार्यालयमा सचिव र राष्ट्रिय तथ्यांक कार्यालयको प्रमुख तथ्यांक अधिकारीका रूपमा कार्यरत रहेको व्यक्तिलाई महालेखा परीक्षकमा नियुक्तिको सिफारिसबाट सरकारी कार्यालयको लेखापरीक्षण गरी सोको प्रतिवेदनमा अन्तिम हस्ताक्षर गरी सम्माननीय राष्ट्रपतिसमक्ष बुझाउनुपर्ने व्यक्तिले सम्बन्धित आ.व.मा आफ्नै काम-कारवाही र आफ्नै जिम्मेवारीमा रहेको आर्थिक कारोबारको लेखापरीक्षणको प्रतिवेदन आफैले गर्नुपर्ने अवस्था सिर्जना भएकोले त्यसो गर्नु लेखापरीक्षणसम्बन्धी स्वतन्त्रताको सिद्धान्तले नमिल्ने र सोझै स्वार्थको द्वन्द्व हुनेमात्र नभई सुशासनमा गम्भीर खलल पर्नेसमेत स्पष्ट भएको उल्लेख गरी संसदीय सुनुवाइ समितिलाई पत्रमार्फत जानकारी गराई स्वार्थको द्वन्द्व नहुने, लेखापरीक्षणको स्वतन्त्रता कायम रहने र सुशासनमा सघाउ पुग्ने अवस्था सुनिश्चित गरियोस् भनी ध्यानाकर्षण गराइएको छ ।

### ङ. अदालतले दोषी ठहर गरेकाहरूलाई सजायबाट उन्मुक्ति दिन नहुने

भ्रष्टाचार, जालसाजी, सार्वजनिक सम्पत्ति र रकमको अपचलनलगायत गम्भीर आपराधिक मामिलाहरू राजनीतिक स्वार्थ र लेनदेनका आधारमा दबाउने, कारवाही नै प्रारम्भ नगर्ने, छानबिन नै हुन नदिने, मुद्दा नै नचलाउने, शक्तिको केन्द्रमा रहेका जिम्मेदार व्यक्तिहरूलाई छानबिनको घेराबाटै बाहिर राख्ने, चलिरहेको छानबिन नै रोक्ने, साथै अदालतले दोषी ठहर गरेकाहरूलाई समेत सजायबाट उन्मुक्ति दिनेजस्ता घटना र प्रवृत्ति निरन्तर बढ्दै गएको देखिएकोमा टीआई नेपालद्वारा चिन्ता व्यक्त गरिएको छ ।

### च. बेरुजु फछ्र्योट र आर्थिक अनुशासन कायम गर्न ध्यानाकर्षण

महालेखा परीक्षकलगायतका संवैधानिक निकायहरूको स्वतन्त्र एवं प्रभावकारी कार्यसम्पादनबाट सरकारको काम-कारवाहीको रेखदेख र मूल्यांकन गर्न संसद् एवं यसका समितिहरूलाई प्रत्यक्ष सहयोग पुग्ने हुनाले तद्नुकूल वातावरणको संरक्षण र प्रवर्धन हुनु पर्दछ । साथै, सार्वजनिक लेखासमितिको चिन्ता बेरुजु फछ्र्योट गर्ने-गराउने कार्यमा मात्र सीमित नभई भ्रष्टाचार गरी बेरुजु सिर्जना गर्ने निकायहरूको काम-कारवाहीमा नै परिणाम देखिने गरी आर्थिक अनुशासन कायम गर्ने-गराउनेतर्फ बढी केन्द्रित हुनुपर्दछ भन्ने टीआई-नेपालको धारणा सम्प्रेषण गरिएको छ ।

## २.३ कार्यसमितिका केही मुख्य निर्णय

आर्थिक वर्ष २०८०/८१ मा कार्यसमितिले ७ पटक बैठक बसी विभिन्न निर्णय गरेको छ । तीमध्ये मुख्य निर्णय निम्न बमोजिम छन् :

- राज्यका कुनै पनि निकाय वा कार्यकारी प्रकृतिको समिति वा समूह वा टोलीको सदस्यता संस्थाले स्वीकार नगर्ने र अन्य कुनै पनि भूमिका (सल्लाहकार, पर्यवेक्षक आदि) को हकमा कार्यसमितिको स्वीकृतिबाट मात्र स्वीकार गर्ने समितिको निर्णय बमोजिम महालेखा परीक्षकको लेखापरीक्षक सल्लाहकार समिति र सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिमा यस संस्थालाई विभिन्न भूमिकामा आबद्ध गराइएकोमा पत्राचार गरी ती समितिमा संस्थाको संलग्नता हटाइएको छ । महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण सल्लाहकार समितिको सदस्यबाट अध्यक्षले दिनुभएको राजीनामा अनुमोदन गरिएको छ ।
- संस्थाको सदस्यबाट राजीनामा दिनुभएका सदस्यको राजीनामा संस्थाको विधानको धारा ९ (ख) बमोजिम स्वीकृत गरी सदस्यता सूचीबाट हटाइएको छ :

  १. श्री गीता केशरी

  २. श्री रमेशनाथ ढुङ्गेल

  ३. श्री सोमराज सिग्देल

  ४. श्री वरुण प्रसाद श्रेष्ठ

  सदस्यता नवीकरण गर्नु नभएका सदस्यको नाम विधानको धारा ९(ख) बमोजिम सदस्यता सूचीबाट हटाइएको छ :

  १. श्री आनन्दराज मुल्मी

  २. श्री सूर्यनाथ उपाध्याय
- महासचिव श्री मदन कृष्ण शर्माको संयोजकत्वमा चारजना सदस्य (श्री सुनिता गुरुङ्ग - कोषाध्यक्ष, श्री हरि बहादुर थापा - का.स.सदस्य, श्री मुकुन्द बहादुर प्रधान - पूर्व महासचिव, र श्री आर्या श्रेष्ठ - पूर्व का.स.सदस्य) सहित 'सदस्यता विस्तार सिफारिस उपसमिति' गठन गरी उक्त उपसमितिबाट सिफारिस भई कार्यसमितिबाट छनौट गरिएका निम्न लिखित व्यक्तिलाई संस्थाको साधारण सदस्यको सूचीमा समावेश गरिएको छ :

  १. श्री सरोज प्रसाद पाण्डे, उद्योगी-व्यवसायी

  २. श्री टंकमणि शर्मा दंगाल, पूर्व महालेखा परीक्षक

  ३. श्री चन्द्रकिरण श्रेष्ठ जोशी, गैरसरकारी क्षेत्रकर्मी

  ४. श्री दीपकराज जोशी, अधिवक्ता
- संस्थाको २९ औं स्थापना दिवसका अवसरमा २०८१ भाद्र २ गते 'सुशासन र भ्रष्टाचार नियन्त्रण' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको र उक्त कार्यक्रममा पूर्व अध्यक्ष श्री विष्णु बहादुर के.सी.ज्यू, श्री भरत बहादुर थापाज्यू, श्री श्रीहरि अर्यालज्यू र श्री खेमराज रेग्मीज्यूलाई संस्थाका तर्फबाट सम्मान गरिएको छ ।
- आ.व. २०८०/८१ को आर्थिक विवरणको लेखापरीक्षण सम्पन्न गरी संस्थाको २९ औं वार्षिक साधारणसभा २०८१ असोज ४ गते, शुक्रबार दिनको १ बजे आयोजना गर्ने निर्णय गरी अध्यक्षलगायत ८ जना कार्यसमिति सदस्यको निर्वाचन सम्पन्न गर्न वरिष्ठ अधिवक्ता तथा मानार्थ सदस्य श्री कृष्णप्रसाद भण्डारीज्यूलाई निर्वाचन अधिकृत नियुक्त गरिएको छ ।

## २.४ कार्यसमिति पदाधिकारीको सक्रियता

संस्थाका अध्यक्ष तथा कार्यसमिति पदाधिकारीहरूद्वारा संस्थाका विभिन्न कार्यक्रममा सक्रियतापूर्वक सहभागिता जनाइएको छ। भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस (९ डिसेम्बर) को अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आयोजित कार्यक्रममा अध्यक्ष श्री पद्मिनी प्रधानाङ्गको सहभागिता रहेको थियो। यस्तै, राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिमा सुशासन तथा सन्तुलित विकाससम्बन्धी छलफल, राष्ट्रिय योजना आयोगमा सोह्रौं योजना तर्जुमा सम्बन्धित सुझाव संकलन बैठकमा अध्यक्षको सहभागिता रहेको छ। परियोजनाका विभिन्न कार्यक्रम, संस्थाले आयोजना गरेका स्थापना दिवस, अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवसहरूमा आयोजित छलफल कार्यक्रममा अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको सहभागिता रहेको छ। अध्यक्ष, पदाधिकारी तथा सदस्यहरूले आम-चासोका विषयमा रेडियो, टीभी कार्यक्रमहरू र पत्रपत्रिकामा नियमितरूपमा संस्थागत धारणा सशक्तरूपमा राख्दै आउनुभएको छ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आयोजित कार्यक्रम

## २.५ कार्यसमितिद्वारा सञ्चालित परियोजना र तिनका गतिविधि

यस आ.व.मा संस्थाको सचिवालयमार्फत दुई परियोजना सञ्चालनमा रहेका छन् :

### १. सामाजिक जवाफदेहिता र सदाचारका लागि सहकार्य (टी-साई) {Together for Social Accountability and Integrity (T-SAI)}

सार्वजनिक क्षेत्रमा जवाफदेहीता, सुशासन र सदाचार अभिवृद्धिका लागि ट्रान्सपरेन्सी इन्टरनेशनलको सहयोगबाट सरकार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्न यो बहुआयामिक परियोजना सञ्चालनमा ल्याइएको थियो। यो परियोजना सन् २०२० मा सुरु भई सन् २०२३ डिसेम्बरमा सम्पन्न भएको छ।

### २. जलवायु परिवर्तनसम्बन्धी कार्यमा सदाचार र सुशासन (सीजीआईपी) {Climate Governance Integrity-Nepal (CGIP-Nepal)}

जलवायु परिवर्तनसम्बन्धी कार्यलाई सदाचार, पारदर्शिता र जवाफदेहीतामार्फत सुशासित गर्न ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा सञ्चालित यो कार्यक्रम विश्वभरका २५ भन्दा बढी देशहरूमा सञ्चालन भइरहेको छ। नेपालमा यस कार्यक्रमले मुख्यत: जलवायु नीति, जलवायु कार्य र जलवायु न्यायका लागि पहल गर्ने लक्ष्य राखिएको छ। यो परियोजना सन् २०२३ अगष्टमा सुरु भई सन् २०२५ अक्टोबरमा सम्पन्न हुनेछ।

### उपरोक्त दुई परियोजनाअन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गतिविधि निम्न बमोजिम रहेका छन् :

#### क. सभा, सम्मेलन, छलफल

सदाचार र सामाजिक जवाफदेहीता अभिवृद्धिका लागि विभिन्न संघ-संस्थासँग छलफल सम्पन्न भएका छन्। आचार-संहिता, सार्वजनिक खरिदमा स्वच्छता, जलवायु वित्त व्यवस्थापनमा पारदर्शिता, जलवायु परिवर्तनको असर, डढेलो नियन्त्रण तथा हरियाली प्रवर्द्धन, वायु प्रदूषण, उपभोक्ता समितिहरूको भूमिकालगायत विषयमा सभा, सम्मेलन तथा छलफल सम्पन्न भएका छन्। कार्यक्रममा सरोकारवालाले उठाएका विषयहरूबारे सम्बन्धित निकायमा ध्यानाकर्षण गरिएको छ। यस्ता कार्यक्रमहरू मार्फत नागरिकका गुनासोहरूको समाधानमा सहयोग पुगेको छ।

#### ख. अध्ययन/अनुसन्धान

संस्थाले सञ्चालन गरेको सामाजिक जवाफदेहीता र सदाचारका लागि सहकार्य परियोजनाको मूल्यांकन प्रतिवेदन तयार गरिएको छ। यसैगरी, सीमान्तकृत तथा जोखिममा रहेका वर्गसमक्ष पहुँच, स्वच्छ व्यावसायिक अभ्यास, गैससको स्वच्छता, सार्वजनिक खरिदमा स्वच्छता विषयमा कार्यपत्र तयार गरी विवेचना तयार गरिएको छ। पत्रकारमार्फत जलवायु परिवर्तनले

कृषि तथा जीविकोपार्जनमा पारेको असर, जलवायुमैत्री पूर्वाधार निर्माण, वातावरण क्षेत्रमा राष्ट्रिय रणनीति, जलवायु अपराध, वातावरण तथा जलवायु परिवर्तनको नीति विषयमा अनुसन्धानमूलक कथा लेखन तथा प्रकाशन भएको छ । ऊर्जा क्षेत्रमा स्वार्थको द्वन्द्व र अनुचित प्रभाव, जलवायु वित्त व्यवस्थापन अध्ययन कार्य सम्पन्न भई प्रकाशन कार्य अघि बढेको छ । त्यस्तै, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोतहरूमा स्वार्थको द्वन्द्व र अनुचित प्रभाव, जलवायु परिवर्तन सम्बन्धी परियोजनाहरूको कार्य तथा परिणामहरूको म्यापिङ विषयको अध्ययन कार्य अन्तिम चरणमा पुगेको छ ।

### ग. सन्देश सम्प्रेषण

रेडियो सगरमाथा, रेडियो नेपाल तथा विभिन्न टेलिभिजनहरूबाट जनहितमा सन्देश प्रचार-प्रसार गरिएको छ । यस्ता सन्देश सार्वजनिक सेवाप्रवाहमा पहुँच, पारदर्शी खरिद, जलवायु परिवर्तन र यसको असर, जलवायु वित्त व्यवस्थापनको पारदर्शीरुपमा परिचालनसम्बन्धी रहेका छन् । यस्तै प्रकारका सन्देश राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुका साथै परियोजनासम्बन्धी पर्चा, ब्रोसर तथा नोटबुक छापेर वितरण गर्ने कार्य गरिएको छ । सार्वजनिक स्थानहरूमा सूचनासहितको होर्डिङ बोर्ड, नागरिक वडापत्र राख्ने कार्य सम्पन्न भएका छन् । यसबाट आम जनमानसमा सदाचार सन्देश सम्प्रेषण भएको छ ।

### घ. अवलोकन, अनुगमन, मापन

जलवायु परिवर्तनले प्रभाव पारेका तथा पार्न सक्ने क्षेत्र, वातावरण प्रदूषण, जल पुनर्भरण कार्य अवलोकन गरी अनुकूलन तथा न्यूनीकरण प्रयासमा हातेमालो गरिएको छ । साथै, निर्माणाधीन सरकारी विद्यालय भवनहरूको अवलोकन गर्नुका साथै सुधारका लागि सरकारी नियमन निकायहरूमा ध्यानाकर्षण गरिएको छ । यस किसिमको अवलोकन, अनुगमन कार्यबाट सम्बन्धित निकायको ध्यानाकृष्ट हुनुका साथै पारदर्शिता अभिवृद्धि र सुधारका कार्यहरू भएका छन् ।

### ङ. गुनासो संकलन, सार्वजनिक सुनुवाइ

नागरिकका समस्याबारे सम्बन्धित नियमन निकायको ध्यान आकर्षित गर्न विभिन्न कार्यक्रम सम्पन्न गरिएको छ । सेवाप्रवाहमा भ्रष्टाचार र अनियमिता, जलवायु परिवर्तन, सुशासनमा समस्याबारे नागरिकको धारणा बुझ्न सरोकारवाला स्थानीय सरकारका कार्यालयहरूसँग समन्वय गरी सहायता कक्षको व्यवस्था, गुनासो संकलन र सार्वजनिक सुनुवाइ सम्पन्न भएका छन् । कार्यक्रमहरूमा संकलित गुनासो मूलतः सार्वजनिक सेवामा भएका ढिलासुस्ती र अनियमितता, जलवायुको क्षेत्रगत अन्तरसम्बन्ध, विकासजन्य डीपीआरको आधार, वातावरणीय जनचेतना अभिवृद्धि, प्रदूषण तथा स्वास्थ्य समस्या, वन नीतिजस्ता विषयसँग सम्बन्धित रहेका छन् । गुनासोहरूबारे पत्रमार्फत सम्बन्धित सरकारी निकायको ध्यानाकर्षणसमेत गरिएको छ ।

### च. विद्यार्थी अभिमुखीकरण

सामाजिक जवाफदेहीता, जलवायु परिवर्तनको असर, युवाको सक्रियता र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित रहँदै क्याम्पसस्तरका विद्यार्थीहरूबीच अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । भ्रष्टाचार विरोधी अभियानमा विद्यार्थी तथा युवावर्गले भोलिका दिनमा पुऱ्याउन सक्ने योगदानलाई मध्यनजर गर्दै स्वयंसेवी विद्यार्थीलाई परियोजनाको कार्यमा संलग्न गराई कार्यगत पक्षको पनि थप ज्ञान दिइएको छ । विभिन्न क्याम्पसमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई संस्थाका विज्ञ प्रतिनिधिमार्फत सदाचार प्रवर्धन र त्यसमा युवाको भूमिका सम्बन्धमा अतिथि कक्षा सञ्चालन गरिएको छ । यी कार्यक्रममार्फत युवापुस्तालाई सदाचारयुक्त जीवनशैली अवलम्बन र भ्रष्टाचार विरुद्धको अभियानमा लाग्न अभिप्रेरित गरिएको छ ।

### छ. पिछडिएका वर्ग, महिला भेटघाट

सरकारको नियमित सेवाप्रवाहबाट बाहिर रहने तथा सभा-सम्मेलनमा प्रायशः संलग्न नहुने पिछडिएका वर्ग, महिला, न्यून आय भएका र वृद्धहरूबाट सरकारी सेवाप्रवाहमा केन्द्रित रहँदै समस्या संकलन गरिएको छ । संस्थाले परियोजनामार्फत सीमान्तकृत/न्यून आय भएका नागरिक/महिला समूहहरूसँग छलफल कार्यक्रमहरू सञ्चालन गरेको छ । यस्ता विषयमा रेडियो कार्यक्रमसमेत प्रसारण गरिएको छ । प्राप्त समस्याबारे सम्बन्धित नियमन निकाय तथा स्थानीय सरकारलाई पत्रमार्फत ध्यानाकर्षण गरिएको छ ।

### ज. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस कार्यक्रम

अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९) का दिन भ्रष्टाचार विरुद्ध नारासहितको सडक उपस्थिति, विश्व वातावरण दिवस (जुन ५) का दिन वृक्षारोपणसहित हरियाली प्रवर्धन र टीआई नेपालको स्थापना दिवस (३ भदौ) का दिन महालेखा परीक्षकको प्रतिवेदनउपर छलफल कार्यक्रमहरू सम्पन्न गरिएको छ ।

उपरोक्त दुई परियोजनाअन्तर्गत करिब ७६ गतिविधि सञ्चालन भएका छन् । जसको विवरण निम्न बमोजिम रहेको छ ।

### टी-साई परियोजना गतिविधि (२०८०/८१)

| क्र.सं. | (साउन २०८० - पुस २०८०) | जम्मा |
|---|---|---|
| १ | सभा सम्मेलन, छलफल, तालिम, अनुभव आदान/प्रदान<br>(सार्वजनिक खरिद, उद्योगी, एनजीओ, आवद्ध संस्थाहरूसँग छलफल) | ५ |
| २ | अध्ययन अनुसन्धान<br>(परियोजनाको प्रतिवेदन लेखन) | १ |
| ३ | सन्देश सम्प्रेषण<br>(रेडियो, ब्रोसर, नोटप्याड, पेन, भित्तेपात्रो प्रकाशन) | १ |
| ४ | अवलोकन, अनुगमन, मापन<br>(सरकारी विद्यालय भवन अवलोकन) | १ |
| ५ | गुनासो संकलन, सार्वजनिक सुनुवाइ<br>(गुनासो संकलन (मोबाइल एलाक) सार्वजनिक सुनुवाइ कार्यक्रम र पत्राचारसमेत ) | ४ |
| ६ | विद्यार्थी तथा स्वयंसेवी अभिमुखीकरण<br>(विद्यार्थीबीच शिक्षामा सदाचार विषयक प्रस्तुति, विद्यार्थीबीच शिक्षामा सदाचारसँग सम्बन्धित रेडियो कार्यक्रम) | २ |
| ७ | पिछडिएका वर्ग, महिला भेटघाट<br>(सीमान्तकृत/न्यून आय भएका नागरिक/महिला समूहहरूसँग अन्तरक्रिया/छलफल र रेडियोमार्फत कार्यक्रम प्रसारण र पत्राचारसमेत) | ३ |
| ८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस कार्यक्रम<br>(भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसरमा प्रदर्शन र टीआई नेपालको स्थापना दिवसको अवसरमा छलफल) | २ |
| | टी-साई जम्मा गतिविधि | १९ |

### सीजीआईपी गतिविधि (२०८०/८१)

| क्र.सं. | (असोज २०८० - असार २०८१) | जम्मा |
|---|---|---|
| १ | सभा-सम्मेलन, छलफल, तालिम, अनुभव आदान/प्रदान<br>(स्थानीय निकाय, पार्क व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषक, सिमेन्ट उद्योग, जलारी समुदाय, कृषि अनुसन्धान केन्द्र निर्देशनालय, वन तथा वातावरण मन्त्रालयसँग छलफल) | १४ |
| २ | अध्ययन अनुसन्धान<br>(अनुसन्धानमूलक कथा लेखन तथा प्रकाशन, ऊर्जा क्षेत्रमा स्वार्थको द्वन्द्व र अनुचित प्रभाव, नेपालमा जलवायु वित्त व्यवस्थापनः प्रभावकारिता र पारदर्शिता, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोतहरूमा स्वार्थको द्वन्द्व र अनुचित प्रभाव, ग्लोबल कोषबाट सञ्चालित जलवायु परिवर्तनसम्बन्धी परियोजनाहरूको कार्य तथा परिणामहरूको म्यापिङ) | ७ |
| ३ | सन्देश सम्प्रेषण<br>(रेडियो, टेलिभिजन, सूचनासहितको होर्डिङ बोर्ड, ब्रोसर, नोटप्याड, पेन, भित्तेपात्रो प्रकाशन) | ९ |
| ४ | अवलोकन, अनुगमन, मापन<br>(जलवायु परिवर्तनले प्रभाव पारेका तथा पार्न सक्ने क्षेत्र तथा सफल कार्यको अवलोकन) | २ |
| ५ | गुनासो संकलन, सार्वजनिक सुनुवाइ<br>(गुनासो तथा सुझाव संकलन (मोबाइल एलाक) र पत्राचारसमेत ) | १३ |
| ६ | विद्यार्थी अभिमुखीकरण<br>(विद्यार्थीबीच जलवायु परिवर्तनको असर विषयक प्रस्तुति तथा छलफल) | ९ |
| ७ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस कार्यक्रम<br>(विश्व वातावरण दिवस) | १ |
| ८ | अनुभव तथा विशेषज्ञता आदान/प्रदान<br>(परियोजना वार्षिक बैठक) | १ |
| ९ | अनुगमन तथा अवलोकन<br>(समाज कल्याण परिषद्‌बाट हुने) | १ |
| | सीजीआईपी जम्मा गतिविधि | ५७ |

### २.७ नयाँ योजना

ट्रान्सपरेन्सी इन्टरनेशनलको सहयोगमा यस संस्थाद्वारा सञ्चालन गर्न Governance Integrity Nepal (GIN) परियोजना प्रस्ताव गरिएकोमा अगस्त २०२४ देखि फेब्रुअरी २०२९ सम्मका लागि ट्रान्सपरेन्सी इन्टरनेशनलबाट ३०९,५१३ यूरो बराबरको परियोजना स्वीकृत भई सोको सम्झौता गरिएको छ । समाज कल्याण परिषद्बाट स्वीकृति प्राप्त भएलगत्तै यस परियोजना कार्यान्वयन गरिने छ । गतवर्ष तयार गरिएको वार्षिक कार्ययोजनामा समावेश गरिएका, तर जनशक्ति र स्रोतको कमीको कारणले गर्न नसकिएका केही मुख्य कार्यहरू यस परियोजनामा समावेश गरिएका छन् । यस परियोजनाअन्तर्गत सञ्चालन गरिने मुख्य-मुख्य क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् :

– समुदायमा जनचेतना र पहुँचको समन्वय; साझेदार संस्थालाई संस्थागत सहयोग; भ्रष्टाचारबाट पर्ने लैंगिक प्रभावको मापन र प्रचार ।
– नीतिगत र कानूनी व्यवस्थाको विश्लेषण; अनुसन्धानमार्फत भ्रष्टाचारबारे सूचना र प्रमाण सम्प्रेषण; सामाजिक जवाफदेहीताको औजारको तर्जुमा, विकास र कार्यान्वयन; राजनीतिक क्षेत्र लक्षित सदाचार अभिवृद्धिका कार्य; जनगुनासो संबोधन ।
– संस्थागत दिगोपनका लागि स्रोत, सुरक्षा र जोखिमको व्यवस्थापन तथा समावेशिता र सम्बादको अभिबृद्धि ।

यस परियोजनाका साथै हाल चालु रहेको सीजीआईपी-नेपाल परियोजना पनि आ.व. २०८१/८२ मा सञ्चालनमा रहनेछ । संस्थाको कार्यसमितिद्वारा समसामयिक विषयमा गरिने वहस-पैरवी पनि जारी नै राखिनेछ ।

## ३. आर्थिक विवरण २०८०/८१

– आ.व. २०८१/०८२ मा संस्थाको आम्दानीको मुख्य स्रोत दाताबाट प्राप्त परियोजनासम्बन्धी रकम, ब्याज र सदस्यता शुल्क रहेको छ । यसमा संस्थाको कुल आम्दानी (परियोजनाको लागि प्राप्त पेश्कीसहित) रु. १.२ करोड रहेको छ । यसमध्ये ट्रान्सपरेन्सी इन्टरनेशनलबाट रु. ८३.८२ लाख परियोजना सहयोगस्वरुप प्राप्त भएको छ । आ.व. २०८०/८१ मा कुल खर्च रु. ९८.९५ लाख रहेको छ । सोमध्येबाट परियोजनाको लागि जम्मा रु. ८३.८२ लाख खर्च भएको छ भने संस्थाको आन्तरिक स्रोतबाट संस्थागत गतिविधिमा रु. १०.३१ लख खर्च भएको छ । ह्रास कट्टी रकम रु. ४.८० लाख रहेको छ ।
– संस्थाको आफ्नै बचत करिब रु. १ करोड ९० लाख रहेको छ । सो रकमहरू मुद्दती तथा बचत खातामा रहेका छन् ।

## ४. उपसंहार

भ्रष्टाचार विरुद्ध राजनीतिक र प्रशासनिक इच्छाशक्ति कम रहेको वर्तमान परिवेशमा पनि संस्थाले आफ्नो सक्रियता कायमै राखेको छ । कार्यसमितिले रणनीतिक योजना निर्माण गरी प्राथमिकता तय गर्दै आफ्नो जिम्मेवारी वहन गरेको छ । जवाफदेहीता, पारदर्शिता र सदाचार अभिवृद्धिका लागि स्वतःस्फूर्तरूपमा कार्यसमितिका तर्फबाट र क्षेत्रगत परियोजनामार्फत सचिवालयबाट आ-आफ्नो सक्रियता कायमै रहेको छ । संस्थाका परियोजनाहरूको कार्यक्षेत्र र कार्यादेश सीमित रहने हुँदा स्थानीय, प्रदेश र संघीयस्तरमा विभिन्न कार्यक्रमहरू तथा खबरदारी गर्नेजस्ता गतिविधिहरू पर्याप्तरूपमा सम्पन्न गर्न कठिनाइ रहेको छ । पदाधिकारी र सदस्यहरूबाट उपत्यकालगायत विभिन्न स्थानका कार्यक्रमहरूमा सहभागिता र सहयोग प्राप्त भइरहेको छ ।

विभिन्न काण्ड उजागर हुने तर कारवाही नहुने अथवा देखावटीरूपमा मात्र कारवाही हुने, कारवाही स्वार्थप्रेरित देखिने, नयाँ राजनीतिक शक्तिले आफ्नो छवि बढाउन नसक्ने, पुराना दल सत्ताबाहेक जनहितमा केन्द्रित नहुने र भ्रष्टाचारमा नेताकै संलग्नता देखिने संक्रमण हावी भएको यस्तो विषम परिस्थितिमा पनि सार्वजनिक सरोकारका विषयमा आवाज बुलन्द गर्न टीआई नेपाल क्रियाशील रहेको छ ।

आगामी दिनमा संस्थालाई थप गतिशील बनाउन र यसका गतिविधिहरूलाई थप प्रभावकारी बनाउन संस्थामा सहयोग र समन्वय अझ प्रभावकारी हुनुपर्ने देखिन्छ । यसका साथै सरोकारवाला र नागरिक समाजसँगको भ्रष्टाचार विरुद्धको सहकार्यलाई थप मजबूत बनाउँदै लैजान सकियो भने यथोचित उपलब्धि हासिल हुन सक्नेछ । यस विषयतर्फ नयाँ कार्यसमितिले आवश्यक ध्यान दिने नै छ ।

□

# फोटो फिचर



२८ औं वार्षिक साधारणसभा




२०२३ भ्रष्टाचार अवधारणा सूचकांक सार्वजनिकीकरण




स्थापना दिवसको अवसरमा छलफल




भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय दिवस ९ का अवसरमा प्रदर्शन



जलवायु परिवर्तनको असरबारेमा सुझाव संकलन



विश्व वातावरण दिवसमा हरियाली प्रवर्द्धन



सदाचार शिक्षा सम्बन्धमा क्याम्पसमा अभिमुखीकरण



संस्थाको सहयोगमा चन्दागिरी नपाको सार्वजनिक सुनुवाइ

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

## आवद्ध संस्था

| प्रदेश नं. | | जिल्ला | संस्था |
|---|---|---|---|
| कोशी | १ | इलाम | महिला जागरण संघ |
| | २ | मोरङ | नागरिक सरोकार मञ्च-नेपाल |
| | ३ | सुनसरी | संकल्प समुदायमा आधारित पुनर्स्थापना |
| | ४ | उदयपुर | मानवअधिकार र वातावरण विकास केन्द्र |
| मधेश | | - | - |
| बागमती | ५ | दोलखा | मानव अधिकार सचेतन तथा विकास केन्द्र |
| | ६ | चितवन | भ्रष्टाचार विरुद्ध अभियान |
| गण्डकी | ७ | कास्की | सुशासनका लागि नागरिक समाज |
| लुम्बिनी | ८ | रुपन्देही | पारदर्शी नेपाल सिद्धार्थनगर |
| | ९ | गुल्मी | सुशासन अभियान |
| | १० | बाँके | बागेश्वरी असल शासन क्लब |
| कर्णाली | ११ | सुर्खेत | नागरिक सरोकार संघ |
| सुदूरपश्चिम | १२ | कैलाली | सदाचारका लागि सामाजिक पहल |
| | १३ | दार्चुला | समाज कल्याण समाज |

### ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

**सचिवालय**

आशिष थापा, कार्यकारी निर्देशक
तुम्बुरु गौतम, संयोजक
बबिता शर्मा, वरिष्ठ अधिकृत
बिनोद भट्टराई, विज्ञ (कार्यक्रम)
शिशोर द्योला, कार्यालय सहायक
श्यामलाल साई, चालक
सारदा नेपाली, विज्ञ (परियोजना गतिविधि)
श्याम महर्जन, विज्ञ (डिजाइन)